# राजस्व न्यायाधिकरण काठमाडौ

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७४ सालको मुद्दा नं. ०७४-RB-०१०७

निर्णय नं. ३४

**मुद्दाः-मूल्य अभिवृद्धिकर(२०६६/०६७)।**

श्री गणपती वनस्पती प्रा.लि. सिमरा बारा (स्थायी लेखा नं. ३०००२१८७३) तर्फबाट अख्तियार प्राप्त संचालक रोहित गुप्ता.....................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.................................१
श्रीमान् महानिर्देशक, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ..........१ } प्रत्यर्थी

निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर प्रशासक शंकर प्रसाद खरेल।

शुरु निर्णय मितिः - २०७१/१०/२३

शुरु निर्णय गर्ने कार्यालयः- श्री ठूला करदाता कार्यालय,हरिहरभवन, ललितपुर ।

यसमा ठूला करदाता कार्यालय, हरिहरभवन समेतको निर्णय उपर चित्त नबुझाई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३२ बमोजिम पुनरावेदकको पुनरावेदन दर्ता हुन आई यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको देखिन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. यस कार्यालयको घिउ, तेल उत्पादन र विक्री वितरण गर्ने प्रस्तुत करदाताको पूर्ण कर परिक्षण प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा २९(२) बमोजिम २५ प्रतिशत जरिवाना समेत र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम मूल्य अभिवृद्धि कर थप दस्तुर व्याज तथा जरिवाना समेत गरी जम्मा रु. ७,४५,६९४।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१/०९/1 मा जारी भएको आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७१/०९/१ मा जारी भएको सूचना करदाताले मिति २०७१/०९/११ मा सूचना बुझी लिएको ।

३. करदाताले मिति २०७१/०९/११ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७०/०९/२४ मा पेश गरेको ।

४. प्रचलित ऐन नियम एवं विभागीय परिपत्र तथा करदाताबाट मिति २०७१।९।२४ मा पेश भएको जवाफ तथा जिकिरलाई समेत विश्लेषण गरी उपरोक्तानुसार मूल्य अभिवृद्धि कर रु. ३,७२,८४७/- तथा जरिवाना रु. ३,७२,८४७/- एवं कम्प्यूटर प्रणालीबाट गणना भई आउने मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) बमोजिम थप दस्तुर र दफा २६ बमोजिम लाग्ने व्याज समेत गणना गरी मूल्य अभिवृद्धि कर २०५२ को दफा २०(१)(घ) बमोजिम कर निर्धारण हुने ठहर गरिदिएँ । सोही बमोजिम मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७१/१०/२३ मा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवनले मिति २०७१/१/२९ मा जारी गरेको आ.व. २०६६/०६७ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी पुनरावेदकले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७२/१/३ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. मूल्य अभिवृद्धि ऐन, २०५२ को दफा ३१क. को उपदफा (४) बमोजिम निवेदन दर्ता भएको ६० दिनभित्र निवेदन उपर निर्णय दिनुपर्नेमा त्यस्तो निर्णय भएको जानकारी प्राप्त नभएकोले सोही दफाको उपदफा (५) बमोजिम राजस्व न्यायाधिकरण, काठमाडौंमा पुनरावेदन गर्न जाने व्यहोराको जानकारी मिति २०७५।१।१३ मा विभागमा इमेल मार्फत दिएको देखिन्छ । मूल्य अभिवृद्धि ऐन, २०५२ को दफा ३१क. को उपदफा (४) बमोजिम निवेदन दर्ता भएको ६० दिनभित्र विभागले निवेदन उपर निर्णय दिनुपर्ने र सोही दफाको उपदफा (५) मा उक्त म्याद भित्र विभागले निर्णय नदिएमा सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिनसक्ने व्यवस्था रहेको छ । ऐनको उपरोक्त व्यवस्था बमोजिम निवेदकले यस विभागमा दर्ता गराएको निवेदनबाट आफूले विभागमा दर्ता गराएको प्रशासकीय पुनरावलोकनको निर्णयको सूचना प्राप्त नगरेको हुँदा राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न जाने व्यहोरा जानकारी गराएको हुँदा प्रस्तुत निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने देखिएन भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०२/०१ मा भएको निर्णय ।

७. पुनरावेदकले आफ्नो पुनरावेदनपत्रमा मुख्यतः निम्न लिखित पुनरावेदन जिकिर लिएको देखिन्छ ।

क) संशोधित कर निर्धारण आदेशको सि.नं. क मा **Mismatch Report** मा **Mismatch** देखिएको सम्बन्धमा बढी खरिद रु. २,८४,०५३/- मा क्रेडिट दावी रु.३६,९२७/- अमान्य

गरिएकोमा- महालक्ष्मी सिलिकेटसँग भएको खरिद कारोबार सम्बन्धमा अनुसूचि १३ मा अपलोड भएको गलत विवरणलाई आधार मानी बढी खरिद देखाएको भनी सोमा तिरेको मुल्य अभिवृद्धि करलाई अन्यथा कायम गरिएको त्रुटिपूर्ण र बदरभागी छ ।

ख) बाबा आयलसँग भएको खरिद कारोबार सम्बन्धमा विक्रेताले आफ्नो आय विवरण साथ अनुसूचि १३ अपलोडका कारण **Mismatch** भएबाट आपूर्तिकर्ताले गलत विवरण अपलोड गरेको कारण निजलाई दण्डित गर्नुपर्नेमा सो नगरी निजको गलत विवरणलाई आधार मानी बढि खरिद देखाएको भनी तिरेको मुल्य अभिवृद्धि करलाई अन्यथा कायम गरिएको त्रुटिपूर्ण र बदरभागी छ ।

ग) संशोधित कर निर्धारण आदेशको सि.नं. ख मा **Mismatch Report** मा ओभरसिज ट्रेडवेलले पेश गरेको विवरणबाट करदताले देखाएको खरिद एकिन हुन नसकेकोले बढी खरिद रु. २,८४,०५३/- मा क्रेडिट दावी रु.३,३५,९२०/- अमान्य गरिएकोमा- निज पार्टिले सो आ.व.मा आफ्नो बिक्री विवरण अनुसूचि १३ मा अपलोड नगरेको कारण उक्त **Mismatch** हुन गएको हो । निजले गरेको गल्तीको सजाय हामीलाई दिनु न्यायोचित होइन ।

घ) अतः विपक्षीबाट भएको निर्णयपर्चा समेत र महानिर्देशकज्यूको निर्णय (मानी आएको) समेतलाई बदर गरी अन्तिम कर निर्धारण आदेश अनुसारको कर र जरिवानासमेतको कुनै रकम तिर्न नपर्ने गरी फैसला गरी पाउँ ।

८. यसमा मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७४/०१/२० मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक गणपति वनस्पति प्रा.लि. का तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ता श्री सीताराम अग्रवालले आन्तरिक राजस्व विभागको **Electronic Data Base** बाट निकालिएको **Mismatch Report** का आधारमा करकट्टि दावी अमान्य गरेको त्रुटिपूर्ण छ । खरीद भएका सबै विल, भरपाईले पुष्टि गरेकोमा विवरण अपलोड गर्दा मूल्य अभिवृद्धि कर रकम र सोमा खरिद फिर्ता भएको रकम समेत अपलोड भै गलत विवरण अपलोड हुन गएकाले **Mismatch** नै नभएको कारोबारमा भूलवस **Mismatch** हुन गएको छ । त्यसै गरी बाबा आयल ट्रेडर्समा देखाइएको **Mismatch** समेत त्रुटिपूर्ण हो, हामीले ८ वटा विलबाट खरीद गरी मूल्य अभिवृद्धि कर कट्टि दावी गरेकोमा सोको **Confirmation Letter** समेत समावेश गरी मूल्य अभिवृद्धि कर कट्टि दावी देखिएको हो । खरीद अनुसार सबै कारोबारको विल भरपाई लेजर

पेश भएको छ । विक्रेता कम्पनीले अनुसूची १३ मा विवरण अपलोड नगरेको सजाय खरीदकर्ता गणपति वनस्पति प्रा.लि.ले पाउनुहुँदैन भन्ने जिकिर बहस प्रस्तुत गर्नु भयो ।

१०. त्यसैगरी प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्धान शाखा अधिकृत श्री अन्चन भट्टराईले खरीद भएका सबै कारोबारहरुको विल भरपाई लगायतका खरीद कार्य पुष्टि हुने प्रमाण कागजात संलग्न गर्नु करदाताको दायित्व हो । स्वयंकर निर्धारण प्रणालीमा आफ्ना प्रमाण कागजात बमोजिम आय विवरण पेश गर्नुपर्नेमा सो गर्न नसकी खर्च कट्टि दावी मात्र माग गर्नु कानून सम्मत नहुने भएकाले शुरुले गरेको संशोधित कर निर्धारण आदेश सदर हुनुपर्छ भनी बहस जिकिर प्रस्तुत गर्नुभयो ।

११. पुनरावेदक कम्पनीका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धानहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी शुरु ठूला करदाता कार्यालय ललितपुरको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भनी निर्णय तर्फ विचार गर्दा पुनरावेदन जिकिरका बुँदाहरुको विषयगत आधारमा निम्नानुसार हुने देखिन आयो।

१२. सर्वप्रथम महालक्ष्मी सिलिकेट र श्री बाबा आयल ट्रेडसको **Mismatch** सम्बन्धमा विचार गर्दा आन्तरिक राजस्व विभागको **Electronic Date Base** बाट निकालिएको **Mismatch Report** बाट छानविन गर्दा देखिएको भनी महालक्ष्मी सिलिकेट इण्डष्ट्रिज र बाबा आयल ट्रेडर्सको **Reporting Amount** भन्दा **Reported Amount** घटी देखाई बढी खरीद देखाएको हुँदा कर निर्धारण गर्नुपर्ने भनी प्रत्यर्थीबाट सूचना जारी भएकोमा महालक्ष्मी सिलिकेट इण्डष्ट्रिजको कारोबार सम्बन्धमा आयकर तर्फ खरिद लागत तथा विलहरु परीक्षण गर्दा भुक्तानी फिर्ता रकम समेत समावेश भै कारोबार अपलोड भएको कारणले मात्र **Mismatch** देखिन गएको तर खरीद रकम मिलान भएको भनी प्रत्यर्थीबाट निर्णयमा उल्लेख गरी खर्च कट्टी मान्यता दिएको अवस्थामा मूल्य अभिवृद्धि कर तर्फ खरिदमा तिरेको कर कट्टी अमान्य गर्नुपर्ने अवस्था देखिएन । त्यसैगरी बाबा आयल ट्रेडर्सबाट ०६५।५।७ देखि २०६५।१२।२५ सम्म ८ वटा विलबाट मूल्य अभिवृद्धि कर सहित रकमको खरीद गरी आयकर प्रयोजनका लागि खर्च कट्टि लिएको र आवश्यक प्रमाण कागजात सहित बाबा आयलबाट **Confirmation Letter** समेत लिई संलग्न गरेको हुँदा **Mismatch** देखिएको आधारमा मात्र कर कट्टि लिएको भनी मूल्य अभिवृद्धि कर निर्धारण गरेको तथ्य मनासिव भन्न सक्ने देखिएन।

१३. त्यसैगरी ओभरसिज ट्रेडसको **Mismatch** का सम्बन्धमा विचार गर्दा करदाताले ओभरसिज ट्रडर्सबाट विभिन्न मितिमा ३ वटा बीलबाट खरीद देखाई मूल्य अभिवृद्धि कर कट्टि लिएकोमा कर परीक्षणका समयमा र मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(१) अनुसारको प्रारम्भिक कर निर्धारण आदेश अनुसार हुन नपर्ने भनि पेश गरेको जवाफ साथ समेत प्रमाण पेश नगरी जिकिर मात्र लिएको देखिन्छ । जवाफमा उल्लेखित प्रमाणहरु संलग्न नरहेको तथा विक्रेताको लेजर भुक्तानी सम्बन्धी कागजात समेतका प्रमाण पेश नभएकाले मूल्य अभिवृद्धि कर निर्धारण गरेको देखिंदा सो बमोजिम भएको ठूला करदाता कार्यालय ललितपुरको निर्णय मनासिब नै देखिन आयो ।

उक्त निर्णय बदर हुनुपर्छ भन्ने पुनरावेदक तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताको बहस एवं पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१४. अतः उपरोक्त उल्लेखित आधार कारणबाट स्थायी लेखा नं. ३०००२१८७३ भएका करदाता पुनरावेदक गणपती वनस्पती प्रा.लि.को आ.व. २०६६/०६७ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय हरिहर भवनको मिति २०७१।१०।२३ को निर्णयमा महालक्ष्मी सिलिकेट इन्डष्ट्रिज र बाबा आयल ट्रेडर्सबाट बढी खरीद देखाई कर कट्टी गरेको भनी कर कट्टी अमान्य गर्ने गरी गरेको मूल्य अभिवृद्धि कर निर्धारण सो हदसम्म मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ । अरूमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरू तपसील बमोजिम गर्नु ।

<u>तपसील</u>

यसमा स्थायी लेखा नं. ३०००२१८७३ भएका करदाता पुनरावेदक गणपती वनस्पती प्रा.लि.को आ.व. २०६६/०६७ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय हरिहर भवनको मिति २०७१।१०।२३ को निर्णयमा महालक्ष्मी सिलिकेट इन्डष्ट्रिज र बाबा आयल ट्रेडर्सबाट बढी खरीद देखाई कर कट्टी गरेको भनी कर कट्टी अमान्य गर्ने गरी गरेको मूल्य अभिवृद्धि कर निर्धारण सो हदसम्म मिलेको मिलेको नदेखिंदा केही उल्टी हुने ठहरेकोले सो विषयमा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनु.........................................................................१

विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई फैसलाको जनाउ दिनु......................२

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनु.................................३

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू....................................४

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः श्री रबि न्यौपाने

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७५ साल मंसिर २ गतेरोज १ शुभम..............................